आज मिति २०८३ बैशाख ०६ गतका दिन दिनको ११:०० बजे पञ्चपुरी नगरपालिकाका नगर प्रमुख श्री लालबीर भण्डारीज्यूको अध्यक्षतामा आ.ब.२०८२/०८३ को कार्यपालिकाको १६ औं बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

बैठक संख्याः- १६

स्थानः- पञ्चपुरी नगरपालिका कार्यपालिकाको बैठक कक्ष

बैठक प्रारम्भः- दिनको ११:०० बजे

बैठकको अन्त्यः- दिनको ३:०० बजे

उपस्थितिः-

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लालवीर भण्डारी | नगर प्रमुख | |
| २ | श्री मुक्तिदेवी रेग्मी पुरी | उप प्रमुख | |
| ३ | श्री कर्ण बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री याम बहादुर बि.सी. | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बल बहादुर रोकाय | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मोतिलाल खनाल | का.वा.वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री नगेन्द्र बहादुर शाही | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नर बहादुर सिजापती | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खिमबहादुर वयकक्षेत्री | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री दिपक कुमार थापा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री पुर्ण प्रसाद घिमिरे | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हरि प्रसाद ढकाल | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री धन बहादुर माझी | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री चन्द्रा आलेमगर | कार्यपालिका सदस्य | |
| १५ | श्री भावना रावल | कार्यपालिका सदस्य | |
| १६ | श्री अनिता वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री कोपिला नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री कमला सुवेदी | कार्यपालिका सदस्य | |
| १९ | श्री गोर्खे कामी | कार्यपालिका सदस्य | |
| २० | श्री देवेन्द्रबहादुर राजी | कार्यपालिका सदस्य | |
| २१ | श्री भगे कामी | कार्यपालिका सदस्य | |
| २२ | श्री नारायण बहादुर बिष्ट | प्र.प्र.अ./सदस्य सचिव | |

लालविर भण्डारी
नगर प्रमुख

मिति २०८३/०१/०६ गतेको आ.ब. २०८२/०८३ को कार्यपालिकाको १६ औं बैठकका प्रस्तावहरु

१. नेपाल सरकार सँग आयोजना माग गर्ने सम्बन्धमा ।

२. विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धमा ।

३. आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको पूर्व तयारी सम्बन्धमा ।

४. विविध ।

मिति २०८३/०१/०६ गतेको आ.ब. २०८२/०८३ को कार्यपालिकाको १६ औं बैठकका निर्णय

प्रस्ताव नं. १ आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमको पूर्वतयारी सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमको पूर्वतयारी स्थानीय सरकार सञ्चालन ऐनले तोकेबमोजिम गर्ने ।

प्रस्ताव नं. २ कार्यक्षेत्रगत शर्त (ToR) सम्बन्धमा ।

निर्णय नं.२ प्रस्ताव माथि छलफल गर्दा तपसिलका विस्तृत आयोजना अध्ययन प्रतिवेदन (DPR) तयार गर्ने कार्यको कार्यक्षेत्रगत शर्त (ToR) माथि छलफल गरियो र उपयुक्त देखिएकोले स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | विनियोजित रकम रु. | कार्यान्वयन विधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | वराहक्षेत्र पर्यटन पार्क DPR निर्माण । | पञ्चपुरी-९ | ४०००००/- | परामर्श सेवा खरिद | |
| २. | वडाभित्रका सडकहरुको DPR तयार गर्ने । | पञ्चपुरी-३ | २०००००/- | परामर्श सेवा खरिद | |

प्रस्ताव नं. ३ आयोजना कार्यान्वयन सम्बन्धमा ।

निर्णय नं. ३ प्रस्ताव माथि छलफल गर्दा तपसिलका योजनाहरुको कार्यान्वयनस्थल एउटै रहेको हुँदा एउटै मात्र उपभोक्ता समितिवाट सम्झौता गरि निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | खानेपानी कार्यालय घेरावार योजना । | पञ्चपुरी ४ | १,५०,०००/- | एकैस्थानमा कार्यान्वयन हुने योजनाहरु भएकोले एउटै उपभोक्ता समितिसँग सम्झौता गरी कार्यान्वयन गर्ने । |
| २. | बरैंचे खानेपानी घेरावार निर्माण । | पञ्चपुरी ४ | ३,००,०००/- | |
| ३. | बराइचे खानेपानी कार्यालय घेरावार । | पञ्चपुरी ४ | ४,५०,०००/- | |

प्रमाणित

२०८३/०१/०६

लालविर भण्डारी
नगर प्रमुख

प्रस्ताव नं. ४ आयोजना कार्यान्वयन सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव माथि छलफल गर्दा खानेपानी टंकी र धारा निर्माण आयोजनाको प्रगति समीक्षा गर्दा तपसिल बमोजिम आयोजना बाँडफाँड गर्ने र एउटै उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | विनियोजित रकम रु. | क्र.सं. | आयोजना बाँडफाँड | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | गल्फा खानेपानी टंकी र धारा निर्माण । | पञ्चपुरी १० | १,८०,०००/- | १. | पालबजार खानेपानी टंकी निर्माण | ४०,०००/- | एउटै उपभोक्ता समिति मार्फत सम्झौता गरी कार्यान्वयन गर्ने । |
| | | | | २. | मन बहादुर शाही कुवा मर्मत | ४०,०००/- | |
| | | | | ३. | हर्क सर र माने कामीको वीचमा कुवा निर्माण | १,००,०००/- | |
| | जम्मा | | १,८०,०००/- | | | | |
| | | | | | जम्मा | १,८०,०००/- | |

प्रस्ताव नं. ५ सडक क्षेत्रको लगतकट्टा सम्बन्धमा ।

निर्णय नं. ५ प्रस्ताव माथि छलफल गर्दा पञ्चपुरी नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न सडकहरुको लगतकट्टा गर्न आवश्यक प्रकृया सुरु गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ शासकीय सुधारको कार्यसूची कार्यान्वयन सम्बन्धमा ।

निर्णय नं. ६ प्रस्ताव माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारको च.नं. ३४९ मिति २०८२/१२/२४ को पत्रसाथ प्राप्त शासकीय सुधारको कार्यसूची कार्यान्वयन सम्बन्धको पत्र वमोजिम पछि अर्को निर्णय भएमा सोहि वमोजिम हाललाइ ~~सार्वजनिक/नगरपालिकाको~~ सरकारी जमिनसँग सीमाना जोडिएका व्यक्तिका जग्गाहरुमा हाललाई संरचना लगायतका निर्माण कार्य नगर्न र भैरहेको भएमा निर्माण कार्य रोक्न अनुरोध गर्ने र सोको जानकारी जिल्ला प्रशासन कार्यालय सुर्खेत र जिल्ला समन्वय समितिको कार्यालयलाई दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७ असाधारण विदा स्वीकृति सम्बन्धमा ।

निर्णय नं. ७ प्रस्ताव माथि छलफल गर्दा पञ्चपुरी नगरपालिकामा कार्यरत स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह अधिकृतस्तर छैटौं श्री शोभा कुमारी पौड्याल (कर्मचारी संकेत नम्बर २३७८९०) को मिति २०८३ जेठ १ गतेदेखि लागु हुनेगरी १ बर्षको असाधारण बिदा स्वीकृत गर्ने ।

प्रस्ताव नं. ८ कार्यक्रमको भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ८ प्रस्ताव माथि छलफल गर्दा पञ्चपुरी नगरपालिका वडा नं. २ स्थित यूनियन क्लब पञ्चपुरी २ सुर्खेत ले कार्यक्रम सम्पन्न गरी भुक्तानीको लागि बील भरपाई पेश गरेकोमा उक्त पेश भए वमोजिमको भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ डुङ्गा व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. ९ प्रस्ताव माथि छलफल गर्दा पञ्चपुरी ८ स्थित जाजुरा दहमा डुङ्गा सञ्चालनका लागि जाजुरादह ताल युवा क्लव पञ्चपुरी ८ सुर्खेतलाई नगरपालिकामा भएको र्याफ्टिङ्ग डुङ्गा एकवटा अर्को व्यवस्था नहुँदा सम्मको लागि सम्झौता गरी उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त र्याफ्टिङ्ग को भाडा दर तोक्न अध्ययन तथा छलफल गरी राजश्व परामर्श समितिले पेश गर्ने निर्णय समेत गरियो ।

प्रस्ताव नं. १० प्रस्ताव नं. १ र २ सम्बन्धमा ।

निर्णय नं. ८ प्रस्तावहरु माथि छलफल गर्दा प्रस्ताव नं. १ र २ लाई अर्को बैठकमा पुनः छलफल गर्ने निर्णय गरियो ।

लालविर भण्डारी
नगर प्रमुख